# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या १ मिति २०८१ असार १५ गते

## भाग २

## जोरायल गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ;**

## बाल कल्याण कोष सञ्चालन कार्यविधि - २०८१

पारित मिति : २०८१ असार १ गते

जोरायल गाउँपालिका

जोरायल गाउँपालिका भित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि नेपालको संविधान २०७२ को भाग १८ अर्न्तगतको धारा २२६ बमोजिम गाउँसभा तथा गाउँसभाले स्थानिय तहको अधिकार क्षेत्रसग सम्बन्धीत बिषयमा कानुन बनाउन सक्ने व्यवस्था तथा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ मा भएको थप व्यवस्था अनुसार , नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ६– बाल अधिकार तथा बालकल्याण सम्बन्धी संस्थागत व्यवस्था अर्न्तगर्तको दफा ६३ बाल कोष को उपदफा (१) बमोजिम बालबालिकालाई तत्काल उद्दार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्नेकाम समेतका लागि एक बाल कल्याण कोष रहने मर्म बमोजिम स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी बालबालिकाको हितका लागि परिचालन गर्न जोरायल गाउँपालिकाले स्थानिय बाल अधिकार समिति/वडा स्तरिय बाल अधिकार समितिले गाउँपालिका तथा वडा स्तरीय बाल कल्याण कोषको स्थापना गर्ने भनी गरेको निर्णय बमोजिम उक्त कोष सञ्चालन गर्न देहाय बमोजिमको कार्यविधि २०८१ स्वीकृत गरी लागु गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यविधिको नाम “बाल कल्याण कोष संचालन कार्यविधि -२०८१” रहेको छ ।

(ख) यो कार्यविधि जोरायल गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त लागू हुनेछ ।

## २. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) “कोष” भन्नाले यस कार्यविधिको ३ नं. बुंदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँपालिका/वडा स्तरीय बाल कल्याण कोष सम्झनु पर्दछ ।

ख) स्थानिय बाल अधिकार समिति भन्नाले जोरायल गाउँपालिका स्तरीय बाल अधिकार समिति र वडा बाल अधिकार समिति भन्नाले गाउँपालिका भित्रका वडामा गठित बाल अधिकार समितिलाई बुझ्नुपर्दछ ।

ग) “वडा कार्यालय” भन्नाले जोरायल गाउँपालिका भित्रका वडा कार्यालयहरु लाई सम्झनुपर्दछ ।

घ) “आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका” भन्नाले कार्यविधिको ११ नं. बुंदामा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

ङ) “सञ्चालक समिति” भन्नाले कार्यविधिको ६ नं. बुंदामा उल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

## ३. आपतकालिन बाल कल्याण कोषको उद्देश्य

(१) आपतकालिन तथा जोखिममा अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने,

(२) आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई राहत उपलब्ध गराउने,

(३) आपतकालिन तथा जाखिममा रहेका बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

(४) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

(५) आपतकालिन तथा जोखिम अवस्थामा रहेको बालअधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

(६) घरबारविहिन, पारिवारकि विखण्डनबाट प्रभावित बालबालिकाहरुको संरक्षण, सम्बर्द्धन र पुर्नस्थापना गर्ने ।

## ४. बाल कल्याण कोषको स्थापनाः-

(१) जोरायल गाउँपालिका अर्न्तगतको पालिका स्तरिय बाल अधिकार समिति र वडा बाल अधिकार समितिको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालीन अवस्थामा रहेका वडा तथा गाउँपालिका भित्रका बालबालिकाको संरक्षण गर्न गाउँपालिका तथा वडामा आपतकालिन बाल कल्याण कोषको स्थापना गरिएको हुनेछ ।

(२) बाल कल्याण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।



जोरायल गाउँपालिका

क) जोरायल गाउँपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ख) वडाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ग) विभिन्न संघ-संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम,

**५. बाल कल्याण कोषमा रकम जम्मा गर्न सक्ने :** बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रही जोरायल गाउँपालिका/वडा कार्यालय सँग सहकार्य गर्न चाहने अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्ने छन् ।

**६. बाल कल्याण कोष सञ्चालक समितिको गठनः-** कोषको ब्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको पालिका तथा वडा सञ्चालक समिति रहनेछ ।

**१) गाउँपालिका स्तरिय बाल कल्याण कोष सञ्चालक समिति**

(क) अध्यक्ष एवं नीजले तोकेको गाउँ कार्यपालिकाको सदस्य - संयोजक

(ख) स्थानिय बाल अधिकार समिति सदस्य - सदस्य

(ग) गाउँपालिका स्तरीय बाल सञ्जाल प्रतिनिधि - सदस्य

(घ) समाजसेवी तथा गैरसरकारी संस्था प्रतिनिधि

- सदस्य

(ङ) गाउँपालिकाको सामाजिक शाखा अन्तर्गत वालवालिका शाखा हेर्ने सम्पर्क व्यक्ति- सदस्य सचिव

**२) वडा बाल कल्याण कोष सञ्चालक समिति**

(क) वडास्तरीय वाल अधिकार  समिति संयोजक

- संयोजक

(ख) वडा स्तरीय बाल अधिकार समितिवाट मनोनित महिला सदस्य

- सदस्य

(ग) वडा स्तरीय बालक्लब सञ्जालले मनोनयन गरेको प्रतिनिधी

- सदस्य

(घ) समाजसेवी तथा गैरसरकारी संस्था प्रतिनिधि

- सदस्य

(ङ) सम्बन्धीत वडाको सचिव

- सदस्य सचिव

**७. बाल कल्याण कोष सञ्चालक समितिको काम, कर्तब्य र अधिकार**

कोष सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) स्थानिय बाल अधिकार समिति संग मिलेर जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(च) गाउँपालिका र वडाले दिएको निर्देशन पालना गर्ने

(छ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ज) कोष वृद्धिको लागि आवश्यक नीति र रचनातमक क्रियाकलाप सञ्चालन गर्ने ।

(झ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण गाउँपालिका ,वडा कार्यालयमा पेश गर्ने,

(ञ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी गाउँपालिका, वडा कार्यालय, गाउँ/वडा बाल अधिकार समितिमा पेश गर्ने,

(ट) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,

(ठ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा ब्यक्तिको विवरण अद्यावधिक गर्ने,

**८. कोष सञ्चालक समितिले गर्न नहुने कामहरु,**

कोष सञ्चालक समितिले देहायका काम गर्न गराउन हुंदैन ।

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न

ख) आपतकालिन अवस्थाका बालबालिकाको तत्काल उद्दार तथा संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

**९. कोष सञ्चालक समितिको बैठक,**

आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि स्थानिय बाल अधिकार समिति को कार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय गर्न कोष सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) कोष सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) कोष सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको सदस्य सचिवले गर्नेछ ।

ग) कोष सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) कोष सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणीत एवं अद्यावधिक गरी राख्नेछ ।

जोरायल गाउँपालिका

ङ) कोष सञ्चालक समितिको सम्पर्क स्थान गाउँपालिका तथा वडा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन समितिको कार्यालयमा रहनेछ ।

१०. **लेखा परिक्षणः-** जोरायल गाउँपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक बर्ष आय-ब्ययको विवरणको लेखापरिक्षण गराउनु पर्नेछ ।

**११. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः-**

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

२) यौनशोषण, यौन दुर्ब्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्ब्यवहारबाट पिडित,

४) अपांगतामा भएका,

५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

६) हिंसाबाट प्रभावित एवं पिडित भएका,

७) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

८) ऋृणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका,

९) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएका,

१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका,

११) सुस्त मनस्थीति भएका,

१२) अपहरण वा शरिर बन्धकमा परेका,

१३) सडक बालबालिका,

१४) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

१५) समितिले तोकेका अन्य बालबालिका ।

**१२ सहायताका किसिमहरु** (आर्थिक, शैक्षिक सामाग्री सहयोग, पुर्नस्थापना सम्बन्धी सहयोग)

क. **आर्थिक सहयोग** :-यस कार्यविधिको बुदा नं ११ का विभिन्न प्रकृतिका घटनाहरुको सम्बन्धीत वडाको सिफारिस, निजको पारविारिक अवस्था, विद्यालयमा अध्ययनरत बालबालिकाहरु भएमा विद्यालयको सिफारिस समेतको आधारमा सामान्य प्रकृतिको भए तीन हजार देखि जटिल प्रकृतिका दिर्घरोगीको सम्बन्धमा अधिकतम् रु. पच्चिस हजार सम्मको सहयोग गर्न सकिने छ ।

ख. शैक्षिक सामाग्री :- गरिब जेहन्दार विभिन्न हिंसाबाट पिडित बालबालिहरुको शिक्षामा सहयोग पुर्याउन शैक्षिक सामाग्रीहरु जस्तैः

कापी, कलम, झोला, पेशाक लगायतका सामाग्रीहरु खरिद गरी विरतण गर्ने ।

ग.पुर्नःस्थापना सम्बन्धि :- घरवार विहिन पारिवारिक बिखण्डन लगायतका विभिन्न हिंसा बाट पिडित बालबालिकाहरुको उचित पुर्नःस्थापनाको लागि पालिका, वडा विभिन्न संघ-संस्थाको सहयोग संगै म्याचुयल फन्डको रुपमा आवश्यकता अनुसारको रकम यस कोषबाट कार्यापालिकाबाट विनियोजन गरि खर्च गर्न सकिने ।

१३. **निवेदन दिन सक्नेः-**

यस कार्यविधिको ११ नं. बुदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी जोरायल गाउँपालिका वा सम्बन्धित वडाहरु मा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले स्थानिय बाल अधिकार समिति को कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

१४. **खाताको सञ्चालन :-**

बाल कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त “क” वा “ख” बर्गको बैकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ साथै सञ्चालक समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत र लेखा तथा प्रशासन प्रमुखको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ । वडास्तरमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछन्।

१५. **बाल कल्याण कोषको रकम फ्रिज नहुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१६. **खर्चको सिमा:-** कोषको जम्मा भएको रकम मध्य न्युनतम ५०% रकम खर्च हुनु भन्दा अगाडि नै श्रोतको खोजी गर्नुपर्नेछ । कोषको न्युनतम २० प्रतिशत रकम मौज्दात रहुनपर्नेछ ।

१७. **कार्यविधिको ब्याख्या तथा संशोधन** :- यस कार्यविधिमा भएका व्यबस्थाहरुमा कुनै विवाद आएमा सञ्चालक समितिको ब्याख्या नै अन्तिम निर्णय हुनेछ साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिले साझेदार संघसंस्था र सरोकारवाला पक्षहरुसंग छलफल गरी उनीहरुको सहमतिमा संशोधन गर्न सकिनेछ ।

१८. **बाल कल्याण कोष खारेज हुन सक्ने अवस्था :-** कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा पर्याप्त कारणहरु सहित सञ्चालक समिति र गाउँपालिका/वडा समितिको संयुक्त निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिका/वडा बाल अधिकार समितीको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**आज्ञाले**

गणेश दत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका